बैठक मितिः २०८०/०४/१६

बैठक सङ्ख्याः ३३

छलफल तथा निर्णयः

१. सोह्रौं योजनाको अवधारणा पत्र स्वीकृत भए पछिका कार्यहरू अघि बढाउने सम्बन्धमा छलफल भयो।

२. चालु आर्थिक वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा राष्ट्रिय योजना आयोगको कार्यक्षेत्रभित्र पर्ने नीति र कार्यक्रमको सन्दर्भमा छलफल भयो।

३. मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र राष्ट्रिय विकास समस्या समाधान समितिको उपसमिति बैठकको तयारीका सम्बन्धमा छलफल भयो।

४. सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०८०/३/१६ मा बसेको राष्ट्रिय समन्वय परिषद्को निर्णय अनुसार तीनै तहका सरकारबीच विकास आयोजनामा दोहोरोपन हटाउने र तादात्म्यता कायम गर्न राष्ट्रिय योजना आयोगले समन्वयकारी भूमिका निर्वाह गर्ने सम्बन्धमा छलफल हुँदा राष्ट्रिय समन्वय परिषद्को निर्णयानुसार प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको समिति गठन गर्नेः-

| | |
|---|---|
| क. माननीय सदस्य डा. रमेश चन्द्र पौडेल, राष्ट्रिय योजना आयोग- | संयोजक |
| ख. सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- | सदस्य |
| ग. सहसचिव, अर्थ मन्त्रालय- | सदस्य |
| घ. सहसचिव, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय- | सदस्य |
| ङ. सहसचिव, अनुसन्धान, अन्वेषण तथा तहगत समन्वय महाशाखा, राष्ट्रिय योजना आयोग- | सदस्य-सचिव |